# प्रशासन/प्राविधिक सहयोगी पदमा कार्यरत कर्मचारीलाई हलुका सवारी चालक पदमा पद परिवर्तन गर्ने सम्बन्धी कार्यविधि

## २०८२

(श्री उच्च अदालत पाटनको मिति २०८१/०३/१९ रिट नं. ०८०-WO-२३१२ को फैसला कार्यान्वयन प्रयोजनका लागि मात्र)

NARC
पदपूर्ति समिति
सिंहदरबारप्लजा
काठमाडौं, नेपाल

नेपाल कृषि अनुसन्धान परिषद्
पदपूर्ति समिति

**प्रस्तावना**: श्री उच्च अदालत पाटनको मिति २०८१/०३/१९ रिट नं. ०८०-WO-२३१२ को फैसला कार्यान्वयन प्रयोजनका लागि नेपाल कृषि अनुसन्धान परिषद्मा प्रशासन तथा प्राविधिक सहयोगी पदमा स्थायी नियुक्ति भई सवारी चालकको जिम्मेवारी बहन गर्दै आइरहेका रिट निवेदक कर्मचारीहरुलाई परिषद्को कुल स्वीकृत दरबन्दीमा थपघट नहुने गरि रिक्त रहेका हलुका सवारी चालक पदमा पद परिवर्तन गर्न नेपाल कृषि अनुसन्धान परिषद्, कर्मचारी प्रशासन विनियम, २०४९ को विनियम १८क. १ को खण्ड (छ) ले दिएको अधिकार प्रयोग गरी नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रशासन/प्राविधिक सहयोगी पदमा कार्यरत कर्मचारीलाई हलुका सवारी चालक पदमा पद परिवर्तन गर्ने सम्बन्धी कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "पदपूर्ति समिति" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिलाई सम्झनु पर्छ,

(ख) "आयोग" भन्नाले लोक सेवा आयोगलाई सम्झनु पर्छ,

(ग) पदाधिकारी" भन्नाले पदपूर्ति समितिका अध्यक्ष र सदस्यलाई सम्झनु पर्छ,

(घ) "पद परिवर्तन" भन्नाले श्री उच्च अदालत पाटनको मिति २०८१/०३/१९ को रिट नं. ०८०-WO-२३१२ को फैसला बमोजिम परिषद्को प्राविधिक/प्रशासनिक सहयोगी पदमा कार्यरत रिट निवेदक कर्मचारीहरुलाई परिषद्कै हलुका सवारी चालक पदमा पद परिवर्तन गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ङ) "नातेदार" भन्नाले कुनै व्यक्तिको बाबु-आमा, सासु-ससुरा, पति-पत्नी, छोरा-बुहारी, छोरी-ज्वाइँ, दाजु-भाउजू, भाइ-बुहारी, दिदी-भिनाजु, बहिनी-ज्वाइँ, जेठाजु-जेठानी, देवर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठुलोबुवा-ठुलीआमा, सानीआमा-सानोबुबा, भतिजा, भतिजी, अविवाहित महिलाको हकमा भदा र भदै, भान्जा, भान्जी, मामा-माइजू, फुपू-फुपाजु, जेठान, जेठी सासु, साला, साली, साढु दाइ, साढु भाइ र तिनका छोरा छोरी सम्झनुपर्छ ।

नेपाल कृषि अनुसन्धान परिषद्
NARC
पदपूर्ति समिति
सिंहदरवारप्लजा
काठमाडौं, नेपाल

## परिच्छेद - २
## विज्ञापन सम्बन्धी व्यवस्था

३. **विज्ञापन प्रकाशनः** श्री उच्च अदालत पाटनको मिति २०८१/०३/१९ रिट नं. ०८०-WO-२३१२ को फैसला बमोजिम सवारी चालक अनुमती पत्र लिई हलुका सवारी चालकको काम गरिरहेका परिषद् तथा अन्तर्गतका कार्यालयहरुमा तह विहिन स्थायी प्रशासन/प्राविधिक सहयोगी पदमा कार्यरत रिट निवेदक कर्मचारीहरूलाई परिषद्को रिक्त सवारी चालक पदमा पद परिवर्तन गर्ने प्रयोजनको लागि कर्मचारी प्रशासन महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद्बाट रितपूर्वक मागको आकृति फाराम प्राप्त भएपछि पदपूर्ति समितिले ३० दिनको दरखास्त दिने अवधि र ७ दिनको दोब्बर दस्तुर सहित थप समय अवधि तोकी विज्ञापन प्रकाशन गर्न सक्नेछ ।

४. **दरखास्त फाराम संकलनः** नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिले दरखास्त फाराम दर्ता एवं संकलन गर्ने व्यवस्था मिलाउनेछ।

५. **उम्मेदवारको योग्यताः** पद परिवर्तनको लागि दरखास्त दिन सवारी चालक अनुमति पत्र लिई परिषद्मा हलुका सवारी चालकको काम गरिरहेका प्रशासन/प्राविधिक सहयोगी पदमा कार्यरत रिट निवेदक कर्मचारी हुनु पर्नेछ। उक्त योग्यता सम्बन्धित कार्यालय प्रमुखबाट अनुसूची-१ बमोजिमको ढाँचामा प्रमाणित गरिएको हुनु पर्नेछ।

६. **दरखास्त छानविन र स्वीकृतिः** दफा ५ बमोजिमको योग्यता पुगेका दरखास्तहरू छानविन गरी स्वीकृत गरिनेछ।

७. **उम्मेदवारको नामावलीः** प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने प्रयोजनको लागि उम्मेदवारहरूको स्वीकृत नामावली दरखास्त दिने समयावधि सकिएको २५ दिनभित्र नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिले सूचना पाटी र परिषद्को Website मा प्रकाशन गर्नेछ ।

८. **परीक्षा केन्द्र, स्थान र समयः** प्रयोगात्मक परीक्षा संचालन गर्ने प्रयोजनको लागि नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिबाट परीक्षा केन्द्र निर्धारण हुनेछ । परीक्षा केन्द्रको सूचना प्रकाशन गर्दा लोक सेवा आयोगसँग समन्वय गरी पदपूर्ति समितिले प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको मिति, समय र स्थान समेत तोक्नु पर्नेछ ।

## परिच्छेद ३
## पाठ्यक्रम सम्बन्धी व्यवस्था

९. पाठ्यक्रमः प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको परीक्षा योजना एवम् पाठ्यक्रम अनुसूची-२ मा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ४
## प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता सम्बन्धी व्यवस्था

१०. **परीक्षा संचालनः** नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिको स्वीकृत कार्यविधि र मापदण्ड बमोजिम पदपूर्ति समितिबाट प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता सञ्चालन गरिनेछ ।

११. **प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता समितिको गठनः** (१) प्रयोगात्मक परीक्षा सञ्चालनका लागि देहाय बमोजिमको मूल्यांकन समिति गठन गरिनेछ।

| | |
|---|---|
| (क) वरिष्ठ प्रशासकीय अधिकृत, पदपूर्ति समिति, नेपाल कृषि अनुसन्धान परिषद् | अध्यक्ष |
| (ख) अधिकृत स्तरको प्रतिनिधि, लोक सेवा आयोग | सदस्य |
| (ग) मेकानिकल इन्जिनियर, हेभी इक्विपमेन्ट डिभिजन, नेपाल सरकार | सदस्य |
| (घ) प्रहरी अधिकृत, उपत्यका ट्राफिक कार्यालय, रामशाहपथ | सदस्य |

(२) माथि (१) मा व्यबस्था भएको प्रयोगात्मक परीक्षा सञ्चालन समितिले प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको वर्णानुक्रम अनुसारको नामावली र उम्मेदवारहरुको अंक मुल्यांकन फाराम छुट्टा छुट्टै खाममा शिलबन्दी गरी पदपूर्ति समितिमा पेश गर्नेछ ।

नेपाल कृषि अनुसन्धान परिषद्
NARC
पदपूर्ति समिति
सिंहदरवारप्लजा
काठमाडौं, नेपाल

(३) पदपूर्ति समितिले प्रयोगात्मक परीक्षा सञ्चालन समितिबाट प्राप्त प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको वर्णानुक्रम अनुसारको नामावलीको शिलबन्दी खाम खोली सोही अनुसार उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र अन्तवार्तामा सहभागी गराउन सूचना प्रकाशित गर्नेछ । अंक मुल्यांकन फारामको शिलबन्दी खाम अन्तर्वार्ता सम्पन्न भएपश्चात अन्तिम नतिजा प्रकाशन गर्ने प्रयोजनार्थ अंक गणना गर्ने समयमा मात्र खोलिने छ ।

(४) प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको अन्तर्वार्ता सञ्चालनका लागि देहाय बमोजिमको अन्तर्वार्ता समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | अध्यक्ष |
| (ख) सह-सचिव, प्रशासन, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| (ग) सह-सचिव, लोक सेवा आयोग | सदस्य |
| (घ) निर्देशक, प्रशासन, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य-सचिव |

(५) पदपूर्ति समितिले अन्तर्वार्ता समिति र प्रयोगात्मक परीक्षा सञ्चालन समितिवाट प्राप्त मुल्यांकनको अंक गणना गरी प्राप्तांकको आधारमा योग्यातात्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नेछ । यस्तो सूचना पदपूर्ति समितिको सूचना पाँटीमा टाँस गरिनेछ ।

(६) प्रयोगात्मक परीक्षाको मूल्यांकन फाराम र अन्तर्वार्ताको मूल्याङ्कन फारामको ढाँचा क्रमश अनुसूची-३ र अनुसूची-४ बमोजिम हुनेछ। अन्तर्वार्ताको अंक गणना गर्ने र नतिजा प्रकाशन गर्न योग्यताक्रम निर्धारण गर्ने फारामको ढाँचा क्रमशः अनुसूची-५ र अनुसूची-६ बमोजिम हुनेछ ।

१२. **अग्रिम वा छुट अन्तर्वार्ताः** प्रयोगात्मक परीक्षाबाट उत्तीर्ण भई अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारले मनासिव माफिकको कारणबाट तोकिएको मिति र समयमा अन्तर्वार्तामा उपस्थित हुन नसक्ने कारण जनाई निवेदन पेश गरेमा औचित्यको आधारमा निजको अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिनेछ। यसरी छुट वा अग्रीम अन्तर्वार्ता लिनु पर्दा परिषद्को कार्यविधिमा तोकिए वमोजिम दस्तुर बुझाउनु पर्नेछ।

NARC
पदपूर्ति समिति
सिंहदरवारप्लजा
काठमाडौं, नेपाल

## परिच्छेद - ५
## नतिजा प्रकाशन

१३. **योग्यताक्रम सूची प्रकाशन र सिफारिसः** पदपूर्ति समितिले अन्तिम नतिजा प्रकाशन भए बमोजिम पद परिवर्तन गर्न योग्य उम्मेदवारहरुको सूची सहित नेपाल कृषि अनुसन्धान परिषद्, कर्मचारी प्रशासन महाशाखालाई निजहरुको पद परिबर्तन गर्न सिफारिस गर्नुपर्नेछ।

## परिच्छेद-६
## विविध

१४. **खर्च व्यवस्थापनः** प्रयोगात्मक परीक्षा सञ्चालन, अन्तर्वार्ता र अन्तिम नतिजा प्रकाशन लगायतका कार्यको लागि हुने खर्च पदपूर्ति समितिको कार्यविधि अनुसार हुनेछ।

१५. **नियुक्ति तथा पद मिलानः** नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिबाट हलुका सवारी चालक पदमा पद परिबर्तन गर्न सिफारिस भएका उम्मेदवारहरुलाई नेपाल कृषि अनुसन्धान परिषद्, कर्मचारी प्रशासन विनियम, २०४९ एबम श्री उच्च अदालत पाटनको आदेश बमोजिम निजहरूको सेवा, शर्तमा प्रतिकुल असर नपर्ने गरी परिषद् कर्मचारी प्रशासन महाशाखाले हलुका सवारी चालक पदमा पद परिवर्तन गरी पद मिलान गर्नेछ ।

१६. **प्रचलित कानून वमोजिम हुनेः** यस कार्यविधिमा तोकिएका विषयको हकमा यसै बमोजिम र नतोकिएको हकमा पदपूर्ति समितिको कार्यविधि एवं लोक सेवा आयोग सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

१७. **बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा पदपूर्ति समितिको कार्यविधि र लोक सेवा आयोगको कार्यविधि/कानुन बमोजिम निर्णय गरि बाधा अडकाउ फुकाउन सक्नेछ।

नेपाल कृषि अनुसन्धान परिषद्
NARC
पदपूर्ति समिति
सिंहदरवारप्लजा
काठमाडौं, नेपाल

अनुसूची-१
(कार्य अनुभवको प्रमाणित कागजात)

श्री पदपूर्ति समिति
नेपाल कृषि अनुसन्धान परिषद्
सिंहदरवार प्लाजा, काठमाडौं ।

विषयः सवारी चालक भई काम गरेको सेवा अनुभव प्रमाणित।

यस कार्यालयमा कार्यरत...................... (कर्मचारी संकेत नम्बर गाँउपालिका/नगरपालिका वडा नं........ जिल्ला .................... स्थायी निवासी श्री ............................... (कर्मचारी संकेत नम्बर ............) यस कार्यालयको स्थायी प्रशासन/प्राविधिक सहयोगी पदमा कार्यरत रहेको र निजले सवारी चालक अनुमति पत्र लिई चालकको रूपमा मिति ............. देखि निरन्तर रूपमा यस कार्यालयको हलुका सवारी साधन चलाई रहेकोले नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिबाट प्रकाशन भएको विज्ञापन अनुसार हलुका सवारी चालक पदमा उम्मेदवार भई पदपूर्ति समितिबाट संचालन हुने प्रतियोगितात्मक प्रयोगात्मक परीक्षामा उम्मेदवार हुनको लागि निजको सेवा अनुभव प्रमाणित गर्दछु।

दरखास्त पेश गर्ने कर्मचारीको हालको तह पद र स्तरः...............................

दरखास्त पेश गर्ने कर्मचारीको सवारी चालक अनुमति पत्र नम्बर ...............................

प्रमाणित गर्ने कार्यालय प्रमुख

नाम थरः ................................

दस्तखतः ....................

पदः ....................

मितिः ....................

NARC
पदपूर्ति समिति
सिंहदरवारप्लजा
काठमाडौं, नेपाल

अनुसूची- २

(हलुका सवारी चालक पदको प्रयोगात्मक परीक्षाको पाठ्यक्रम)

नेपाल कृषि अनुसन्धान परिषद्

पदपूर्ति समिति

सिंहदरवार प्लाजा, काठमाडौं

प्रयोगात्मक परीक्षाः पूर्णाङ्कः ५० अंक उतिर्णाङ्कः २५ अक

**अभ्यास १: राजमार्गमा कम्तीमा ५ कि. मी. को दुरीसम्म चलाउने (१५अंक)**

- प्रति घण्टा ६० कि. मी. भन्दा कम गतिमा एकनासले चलाउने
- गियरहरु आवश्यकता अनुसार बदल्ने
- ढिलो चलिरहेका गाडीहरुलाई उपयुक्त ठाउँमा उछिन्ने
- आफु भन्दा छिटो गांडीहरुलाई सुरक्षित तरिकाले साइड दिने
- गाडी रोक्ने, यू-टर्न गर्ने, व्याक गर्ने र फिर्ता चलाई ल्याउने

**अभ्यास २: शहरी सडकमा कम्तीमा ५ कि. मी. चलाउने (१५अंक)**

- प्रति घण्टा ४० कि. मी. भन्दा कम गतिमा एकनासले चलाउने
- गियरहरु आवश्यकता अनुसार बदल्ने
- कम्तिमा ३/३ वटा दायाँ मोड (Right turn), वायाँमोड (Left turn) र पुरामोड (U-turn) लिने
- उपलब्ध भएमा ट्राफिक संकेत (Traffic Signal) भएको चोकबाट भएर गाडी चलाउने

**अभ्यास ३: उकालोमा पार्क गर्ने र पुनः चलाउने (१०अंक)**

- सडकको किनारा लगाएर सवारी रोक्ने
- इग्निसन बन्द गर्ने
- इग्निसन पुनः चालु गर्ने र सवारी अगाडि बढाउने

**अभ्यास ४: ग्यारेज पार्क गर्ने (१० अंक)**

- नियन्त्रित तरिकाले सवारी हाँक्ने
- व्याक गरी सवारी चलाउने ग्यारेजको तोकिएको ठाउँमा लगेर पार्क गर्ने।
- ग्यारेजमा सिधा लगेर पार्क गर्ने र ब्याक गरेर ग्यारेजबाट निकाल्ने।

नेपाल कृषि अनुसन्धान परिषद्
NARC
पदपूर्ति समिति
सिंहदरवारप्लजा
काठमाडौं, नेपाल

अनुसूची-३
(प्रयोगात्मक परीक्षाको मूल्यांकन फाराम)

NARC
पदपूर्ति समिति
सिंहदरवारप्लजा
काठमाडौं, नेपाल

नेपाल कृषि अनुसन्धान परिषद्
पदपूर्ति समिति
सिंहदरवार प्लाजा, काठमाडौं

## प्रयोगात्मक परीक्षाको मूल्यांकन फाराम

विज्ञापन नं.: पदः हलुका सवारी चालक

प्रयोगात्मक परीक्षा मितिः परीक्षा स्थलः

पूर्णाङ्कः ५० उतीर्णाङ्कः २५

| क्र.सं. | रोल नम्बर | उम्मेदवारको नाम थर | राजमार्गमा कम्तीमा ५ कि.मी. सवारी एकनासले चलाउने (१५अंक) | शहरी सडकमा कम्तीमा ५ कि.मी. सवारी चलाउने (१५अंक) | सवारी उकालोमा पार्क गर्ने र पुनः चलाउने (१०अंक) | ग्यारेजमा अगाडीववाट र पछाडीबाट पार्क गर्ने (१०अंक) | जम्मा प्राप्ताङ्क अंकमा | जम्मा प्राप्ताङ्क अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

माथि उल्लिखित कुनै पनि उम्मेदवार मेरो बाबु-आमा, सासु-ससुरा, पति-पत्नी, छोरा-बुहारी, छोरी-ज्वाईं, दाजु-भाउजू, भाइ-बुहारी, दिदी-भिनाजु, बहिनी-ज्वाईं, जेठाजु-जेठानी, देवर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठुलोबुवा-ठुलीआमा, सानीआमा-सानोबुबा, भतिजा, भतिजी, अविवाहित महिलाको हकमा भदा र भदै, भान्जा, भान्जी, मामा-माइजू, फुपू-फुपाजु, जेठान, जेठी सासु, साला, साली, साढु दाइ, साढु भाइ र तिनका छोरा छोरी पर्दैनन्।

| | | | |
|---|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः | नाम थरः | नाम थरः |
| सदस्य | सदस्य | सदस्य | अध्यक्षः |

मितिः २०..../....../......

अनुसूची -४

(अन्तर्वार्ता मूल्यांकन फाराम)

नेपाल कृषि अनुसन्धान परिषद्

पदपूर्ति समिति

सिंहदरवार प्लाजा, काठमाडौं

NARC
पदपूर्ति समिति
सिंहदरवारप्लजा
काठमाडौं, नेपाल

## अन्तर्वार्ता मल्यांकन फाराम

विज्ञापन नं.:

पदः हलुका सवारी चालक

अन्तर्वार्ता मितिः

पूर्णाङ्कः २०

माग पद सख्याः

| क्र.सं. | रोल नम्बर | उम्मेदवारको नाम, थर | प्राप्ताङ्क सामान्य ज्ञान, विषय सम्बन्धी ज्ञान र व्यक्तित्व | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लिखित कुनै पनि उम्मेदवार मेरो बाबु-आमा, सासु-ससुरा, पति-पत्नी, छोरा-बुहारी, छोरी-ज्वाइँ, दाजु-भाउजू, भाइ-बुहारी, दिदी-भिनाजु, बहिनी-ज्वाइँ, जेठाजु-जेठानी, देवर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठुलोबुवा-ठुलीआमा, सानीआमा-सानोबुवा, भतिजा, भतिजी, अविवाहित महिलाको हकमा भदा र भदै, भान्जा, भान्जी, मामा-माइजू, फुपू-फुपाजु, जेठान, जेठी सासु, साला, साली, साढु दाइ, साढु भाइ र तिनका छोरा छोरी पर्दैनन् ।

अन्तर्वार्ता लिनेको

दस्तखतः ....................................

नाम, थरः ....................................

पदः ....................................

मितिः ....................................

<u>द्रष्टव्यः</u>

(१) अन्तरवार्ता लिन लागेको पदको लागि अन्तर्वार्तामा छनोट भएका उम्मेदवारहरूमध्ये कुनै पनि उम्मेदवार अन्तर्वार्ताकर्ताको माथि उल्लिखित कुनै नाता पर्ने भएमा त्यस्ता अन्तर्वार्ताकर्ताले उक्त समूहको अन्तर्वार्तामा भाग लिनु हुँदैन।

(२) अन्तर्वार्तामा ४० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अंक दिनु पर्ने भएमा स्पष्ट कारण उल्लेख गर्नु पर्नेछ।

अनुसूची -५
(अन्तर्वार्ता प्राप्ताङ्कको औषत अंक गणना फाराम)

नेपाल कृषि अनुसन्धान परिषद्
पदपूर्ति समिति
सिंहदरवार प्लाजा, काठमाडौं

NARC
पदपूर्ति समिति
सिंहदरवारप्लजा
काठमाडौं, नेपाल

## अन्तर्वार्ता प्राप्ताङ्कको औषत अंक गणना फाराम

विज्ञापन नं.: अन्तर्वार्ता मितिः पूर्णाङ्कः २०

पदः हलुका सवारी चालक माग पद सख्याः

| क्र.सं. | रोल नम्बर | उम्मेदवारको नाम, थर | प्राप्ताङ्क | | | | | औषत प्राप्ताङ्क (कुल प्राप्ताङ्क) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सदस्य-सचिव | सदस्य | सदस्य | अध्यक्ष | जम्मा अंक | अंकमा | अक्षरमा | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची -६
(योग्यताक्रम निर्धारण फाराम)

नेपाल कृषि अनुसन्धान परिषद्
पदपूर्ति समिति
सिंहदरवार प्लाजा, काठमाडौं

NARC
पदपूर्ति समिति
सिंहदरवारप्लजा
काठमाडौं, नेपाल

## योग्यताक्रम निर्धारण फाराम

विज्ञापन नं.: पदः हलुका सवारी चालक माग पद सख्याः

| क्र.सं. | रोल नम्बर | उम्मेदवारको नाम, थर | प्रासाङ्क | | कुल प्रासाङ्क | | कुल प्रासाङ्कको आधारमा योग्यताक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रयोगात्मक | अन्तर्वार्ता | अंकमा | अक्षरमा | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |